May2015

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)

Year : 3, Vol. 23

www.eurasiareiyukai.com

म दिब्यज्योतीमय यूराशिया रेयूकाईको सदस्य हुं भनी सम्पूर्ण भेलाहरुमा सदस्यहरु संगसंगै आवाजले भनौं ।

## संस्थापक अध्यक्षज्यूबाट १४ फेब्रुअरी २०१५ का दिन १७औं शाखाको भब्य भेला समारोहमा प्रदान गर्नु भएको मार्गनिर्देशनको सारांश :

- यूराशिरा रेयूकाईमा निलसुत्र छ पुर्खास्मरण भनेर यूराशिया रेयूकाईमा प्रवेश गर्नु भयो होला। निलसुत्रलाई मनको रोगलाई निको पार्ने औषधि भनिन्छ । शरीरको रोग डाक्टरले निको पार्ने हो । मनको रोग निको पार्ने भन्ने कुरा डाक्टरले निको पार्न सक्दैन ।
- हामीहरु पुर्खास्मरण भन्ने बाटोमा लागेका छौं अवदेखी आफु स्वमंको विकास गर्ने र देशको विकास गर्ने । विश्व शान्ति निर्माण गर्ने त्यो कार्य गर्ने नेतृत्व आजदेखी विचार गर्ने तरिका जीउने तरिका परिवर्तन गरी दिनु होस् भन्ने चाहान्छु ।
- म पनि युवा अवस्था भएपछि वल्ल रेयूकाई शिक्षा के होला भनि गम्भिरतापुर्वक सोच्न थाले, वल्ल त्यसो गर्दा त्यो भन्दा अगाडी आफु किन मनुष्यको रुपमा जन्म लिएं होला रेयूकाई शिक्षाले यही कुरा सिकाई दियो । जनावरको रुपमा जन्मिएर आएको होईन् मानिसको रुपमा जन्म लिएपछि त मानिसको जस्तो जिवनयापन नगरीकन हुँदैन ।
- जिवन र शरिर अभिभावकले दिनु भयो तर सम्वन्धित व्यक्ति जन्मिएर आएको कुरा केही न केही जिम्मेवारी कर्तव्य लिएर आएको हुनु पर्छ । त्यो म मात्र नभई जीवीत रहेको हामी सवै हो यस कुरा प्रति महसुस हुन थाल्यो ।
- अहिले वर्तमान्मा विश्वभरी जलवायु परिवर्तनको ठुलो समस्याको कुरा आएको छ । त्यस्तै अर्को ठूलो समस्या एक आपसमा मारामार भैरहेको छ । जसरी हुन्छ यो संसारलाई राम्रो वनाउँदै लैजाने भन्ने भावना सोच्ने पनि मनूष्यले नै हो । जनावरमा त्यो भावना हुँदैन । त्यसैले मनुष्यको रुपमा जन्म लिएको प्रति कृतज्ञ नभईकन हुँदैन किनकि यो खराव संसारलाई राम्रो तिर परिवर्तन गर्दै लैजाने जिम्मेवारी कर्तव्य लिएर आएको हो, यो कुरा प्रति कृतज्ञ हुनु पर्छ ।
- पैसाले जिवनको परिवर्तन हुन सक्दैन । आफ्नो भाग्यलाई परिवर्तन गर्नका लागी परिवतन आफु स्वमंले वाहेक गर्न सक्दैन । त्यसैले आफ्नो अन्तरआत्मालाई विकसित गर्ने आफ्नो भाग्य आफैद्वारा परिवर्तन गर्दै लैजाने ।
- जुनसुकै धर्ममा लागे पनि त्यो त त्यस घरपरिवारको, देशको संस्कृति हो त्यसलाई गर्नुपर्छ । रेयूकाई शिक्षाको खम्बा आफुसंग सम्वन्धित भएका असंख्य पुर्खाहरुको आत्मालाई बचाउने, बचाई पाउने नभई वचाउने स्थानमा छौं । यसलाई नै वोधिसत्व भनिन्छ । यहाँहरु पनि वोधिसत्व हुनुहुन्छ । तपाईहरु देशको खजाना हुनुहन्छ । अरुको वारेमा सोच्ने भन्दा पनि माथी त्यस व्यक्तिको जिवन जीउने तरीका सोच्न लगाउने जीवनको श्रोतको रुपमा रहनु भएका पुर्खाहरु प्रति कृतज्ञ हुन लगाउने ।
- मुस्कानयुक्त अनुहार भयो भने दोश्रो व्यक्तिको मनको द्वार पनि खुल्छ र आफू स्वयंको पनि मन खुल्छ ।
- यो समाजलाई परिर्वतन गर्दै लैजाऔं भनी गाँऊ नगर सरसफाई अभियान गरीरहेका छौं सदस्यहरु र गैह्र सदस्यहरु सँगसँगै परिचालित भई गाँऊ नगर सरसफाई गरौं भनी अभियान गर्ने त्यस्तो नेतृत्व लिएर देश प्रति गुण फर्काउनु होला । नेपाल देशलाई बिकसित गराऔं र भारतीयहरु पनि त्यही हो । यूराशिया महाद्धिपलाई बचाउने मौका पाऔं यो बिश्व शान्ती निर्माण गर्ने पाईला हुनेछ ।
- रेयूकाईको शिक्षा आफू स्वयंले कार्यान्वयन गर्नुभई तपाईहरुको आपनो घर परिवार सुखी र आनन्दित घर परिवार बनाउनु होला र फैलाउदै जानुहोला ।

## यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको बाहुलीबाट एम्बुलेन्स उद्घाट्न

मिति २१ अप्रिल २०१५ का दिन यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको बाहुलीबाट यूराशिया रेयूकाई एम्बुलेन्स सेवाको समुदघाट्न यूराशिया रेयूकाई प्रधान कार्यालयमा सिलिगुढीमा गर्नुभयो । उक्त एम्बुलेन्स सेवा भारत देशको कालिम्पोङ्ग क्षेत्रमा संचालन हुनेछ ।






## हार्दिक समवेदना एवं साहानुभुति प्रकट गर्दछौं ।

मिति २०७२ बैसाख १२ गते तदनुसार २५ अप्रिल २०१५ शनीबारका दिन नेपाल देशमा गएको बिनाशकारी महा भुकम्पमा परी दिवंगत हुनुभएका प्रति हार्दिक श्रद्धाञ्जली तथा मृतकका परिवारजन प्रति ह्रदय देखी गहिरो समवेदना ब्यक्त गर्दछौं ।

यस अकल्पनीय राष्ट्रिय प्रकोपको दुःखद घटनामा परि घाईते हुनुभएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । यस अकल्पनीय घटनामा ठुलो मानविय क्षती, भौतिक संरचना तथा ऐतिहासिक धरोहरका संरचनामा ठुलो क्षति भएको प्रति एकदमै मर्माहीत भएका छौं । यस दुःखद घढीबाट

## महा भुकम्पबाट घाईते भएकाहरुको लागी रक्तदान कार्यक्रम












## नेपालमा गएको महा भुकम्प पिडितहरुलाई राहत संकलन, सिलिगढी, भारत










राहत संकलन समाज विकास केन्द्र, धरान




पिउँने पानी वितरण यूराशिया रेयूकाई ११औं शाखा

## महा भुकम्प पिडितहरुलाई यूराशिया रेयूकाईद्वारा काभ्रेपलान्चोकको अनयकोट क्षेत्रमा राहत वितरण










